# सानिमा जनरल इन्स्योरेन्स लिमिटेड

को

चौथो वार्षिक साधारण सभाको

निर्णय विवरण (माईन्युट)

सानिमा जनरल इन्स्योरेन्स लि.
केन्द्रीय कार्यालय
काठमाडौं

मिति : **२०७८ साल पौष ३० गते शुक्रवार ।**

समय : बिहान ११:०० बजे

स्थान : स्मार्ट क्याफे एण्ड बैङक्वेट, घुम्वाराही चोक, काठमाण्डौ ।

१. **बैधानिक सभा :**

मिति २०७८ साल पौष ८ गते बसेको सानिमा जनरल इन्स्योरेन्स लिमिटेडको संचालक समितिको ९७ औं बैठकको निर्णय अनुसार बोलाईएको कम्पनीको चौथो वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा देहाय बमोजिम सु-सम्पन्न भयो ।

२. **सभाको मिति, स्थान र समय :**

२.१ मिति : २०७८ साल पौष ३० गते शुक्रबार (तद्नुसार १४ जनवरी, २०२२)

२.२ स्थान : स्मार्ट क्याफे एण्ड बैडक्वेट, घुम्वाराही चोक, काठमाण्डौ ।

२.३ समय : बिहान ११:०० बजे देखि ।

३. **सभाको सूचना :**

३.१ यस कम्पनीको मिति २०७८ साल पौष ८ गते बसेको सञ्चालक समितिको ९७ औं बैठकबाट मिति २०७८ साल पौष ३० गते चौथो वार्षिक साधारण सभा बोलाउने निर्णय गरे अनुसार कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम मिति २०७८ साल पौष ९ गतेको कारोवार राष्ट्रिय दैनिक पत्रिकामा २१ दिने सूचना प्रकाशित गरी मिति २०७८ साल पौष २० गतेको आर्थिक अभियान राष्ट्रिय दैनिकमा पून : स्मरणार्थ दोश्रो सूचना प्रकाशित गरिएको थियो ।
यसै बिच कोरोना महामारी प्रकोपको तेस्रो लहर फैलिन जाँदा स्थीति नियन्त्रणका लागी नेपाल सरकार, जिल्ला प्रशासन कार्यालय काठमाडौंले मिति २०७८ साल पौष २७ गते राती १२ बजे देखि अर्को सूचना जारी नभएसम्म लागु हुने गरी २५ जना भन्दा बढी मानिसको उपस्थिति हुने गरी कुनै किसिमको मेला, भेला तथा महोत्सवहरु एवं सामाजिक लगायत कार्यहरु नगर्ने, नगराउने भनि आदेश जारी गरेकोले भौतिक तथा भर्चुअल माध्यमबाट गर्न लागिएको यस साधारण सभालाई भर्चुअल माध्यमबाट मात्र गर्ने गरी सम्पूर्ण शेयरधनी महानुभावहरुलाई मिति २०७८ साल पौष २८ गतेको कारोवार राष्ट्रीय दैनिकमा सूचना प्रकाशित गरी जानकारी गराइएको थियो ।

३.२ उल्लेखित साधारण सभाको सूचनाको साथमा आ.व.२०७७/०७८ को वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण सहितको वार्षिक प्रतिवेदन शेयरधनी महानुभावहरुले कम्पनीको प्रधान कार्यालयबाट प्राप्त गर्न सकिने छ भन्ने सूचना प्रकाशित गरिएको थियो ।

सानिमा जनरल इन्स्योरेन्स लि. केन्द्रीय कार्यालय काठमाडौं

३.३ कम्पनीले आफ्ना शेयरधनी महानुभावहरुलाई जानकारी तथा अध्ययनका लागी उपरोक्त बमोजिमको वार्षिक प्रतिवेदन कम्पनीको Website <u>www.sanimageneral.com</u> मा Upload गरिएको थियो ।

४. **<u>आसन ग्रहण :</u>**

४.१ सभामा उपस्थित रहनु भएका कम्पनीका अध्यक्ष श्री खेमराज लामिछाने, सञ्चालकहरु क्रमश: डा. हेमन्त कुमार दवाडी, श्री दिलिप श्रेष्ठ, श्री दामोदरप्रसाद आचार्य तथा श्री प्रपूजा पोखरेलले आसन ग्रहण गर्नुभयो । सञ्चालक श्री सोनाम ग्याछो मुलुक बाहिर हुनु भएकोले सभामा सहभागी हुन सक्नु भएन ।

४.२ कम्पनीका प्रमुख कार्यकारी अधिकृत श्री सुद्युम्न प्रसाद उपाध्याय तथा सञ्चालक श्री प्रकाश मान श्रेष्ठले भर्चुअल रुपमा आसन ग्रहण गर्नुभयो ।

४.३ सभामा भौतिक/भर्चुअल रुपमा सहभागी हुनु भएका कम्पनीका संस्थापक शेयरधनीहरु तथा सर्वसाधारण शेयरधनी महानुभावहरुलाई यथास्थानमा आसन ग्रहण गर्नका लागि अनुरोध गरिएको थियो ।

५. **<u>सभाको सभापतित्व :</u>**

कम्पनी ऐन २०६३ को दफा ७४(१) तथा कम्पनीको नियमावलीको नियम ६(१) बमोजिम साधारण सभाको सभापतित्व कम्पनीका अध्यक्ष श्री खेमराज लामिछानेज्यूले गर्नुभई सभाको कार्यक्रम अगाडी बढाउन सभा सञ्चालक एवं कम्पनी सचिव श्री सुबोध लाल श्रेष्ठलाई अनुमति प्रदान गर्नु भयो ।

६. **<u>गणपुरक संख्या :</u>**

कम्पनी ऐन २०६३ को दफा ७३(२) तथा यस कम्पनीको नियमावलीको नियम ५(१) बमोजिम साधारण सभा सञ्चालनका लागि कुल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी शेयरको उपस्थिति हुनुपर्नेमा आजको यस सभामा कुल शेयर संख्याको ७०.१० प्रतिशत शेयरको प्रतिनिधित्व हुने गरी १६ जना स्वंय तथा १२ जना प्रोक्सी मार्फत उपस्थिति रहेको हुनाले सभामा गणपुरक संख्या पुगेको र सभाले वैधानिकता प्राप्त गरेको व्यहोरा सभामा जानकारी गराइयो ।

७. उपस्थिति :

(क) **सञ्चालकहरुको उपस्थिति :**

| | |
|---|---|
| १. श्री खेमराज लामिछाने | अध्यक्ष |
| २. डा. हेमन्त कुमार दवाडी | सञ्चालक (प्रतिनिधि सानिमा प्रा. लि.) |
| ३. श्री दिलिप श्रेष्ठ | सञ्चालक |
| ४. श्री दामोदरप्रसाद आचार्य | सञ्चालक |
| ५. श्री प्रपूजा पोखरेल | सञ्चालक |

**(ख) शेयरधनीहरुको उपस्थिति :**

| | |
|---|---|
| स्वयं उपस्थिति | १६ |
| प्रतिनिधि मार्फत उपस्थिति | १२ |
| जम्मा उपस्थिति | २८ |

(ग) **शेयरधनी उपस्थिति संख्या :**

| कुल चूक्ता शेयर संख्या | स्वयं उपस्थिति | प्रतिनिधि मार्फत उपस्थिति | जम्मा | कुल शेयरको प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|
| १,००,००,००० | २६,७९,७६० | ४३,३०,००० | ७०,०९,७६० | ७०.१० |

८. **सभामा छलफल गरिने प्रस्तावहरुको सूची प्रस्तुत :**

सभा सञ्चालक एवं कम्पनी सचिव श्री सुबोध लाल श्रेष्ठले पूर्व निर्धारित सूचना अनुसार सभामा छलफलका लागि पेश भएका देहायका प्रस्तावहरु वाचन गर्नुभयो ।

**क) सामान्य प्रस्तावहरु :**

१. आ.व.२०७७/०७८ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।

२. लेखापरिक्षकको प्रतिवेदन सहित आ.व.२०७७/०७८ आषाढ मसान्तको वासलात, मिति २०७७/४/१ गते देखि २०७८/३/३१ गते सम्मको नाफा नोक्सान हिसाब, नगद प्रवाह

सानिमा जनरल इन्स्योरेन्स लि. केन्द्रीय कार्यालय काठमाडौं

विवरण सहित सम्बन्धित अनुसूचीहरु तथा नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) बमोजिमको वित्तीय विवरण छलफल गरी पारित गर्ने ।

३. कम्पनी ऐन, २०६३ को दफा १११ (३) बमोजिम आ.व.२०७८/०७९ को लागी बाह्य लेखापरिक्षकको नियुक्ती तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।
(वर्तमान लेखापरिक्षक कानूनत पून: नियुक्त हुन योग्य रहेको)

(ख) विविध :

९. **वार्षिक प्रतिवेदनको प्रस्तुति :**
सञ्चालक समितिका अध्यक्ष तथा सभाका अध्यक्ष श्री खेमराज लामिछानेज्यूले सञ्चालक समितिको तर्फबाट आ.व.२०७७/०७८ को वार्षिक प्रतिवेदन वाचन गरी सभा समक्ष प्रस्तुत गर्नुभयो ।

१०. सभाका सभापतिज्यूले सञ्चालक समितिको प्रतिवेदन प्रस्तुत गर्नुभए पश्चात कम्पनीको आ.व.२०७७/०७८ को लेखापरीक्षकको प्रतिवेदन सहितको वासलात, नाफा-नोक्सान हिसाव, नगद प्रवाह विवरण र अनुसूचीहरु तथा NFRS बमोजिमको प्रतिवेदन उपर आ-आफ्नो मन्तव्य, जिज्ञासा, सुझाव, सल्लाह भए छलफलमा सहभागी हुन शेयरधनी महानुभावहरुलाई सभापतिज्यूले अनुरोध गर्नु भएकोमा निम्न शेयरधनी महानुभावहरु छलफलमा सक्रिय रुपमा सहभागी हुनु भई निम्न बमोजिम टिप्पणी, जिज्ञासा र सुझावहरु प्रस्तुत गर्नुभयो ।

१०.१. **शेयरधनी श्री नरसिँह लाल चखूँ :**

क ) कम्पनीको काम कार्यवाही प्रगति उन्मुख छ । यसलाई निरन्तरता दिंदै लगानीकर्ताहरुलाई प्रतिफल दिने तर्फ पनि सोच्नु पर्ने बेला भयो ।

ख) Business Activities मा सामान्य मात्र सुधार भएकोले यसलाई बढाउन नयां तौरतरीका, नयाँ क्षेत्र तथा नयाँ शैलीको विधी अपनाएर अगाडी बढन अनुरोध गर्दछु ।

ग) Cost of Fund Minimize गर्ने तर्फ ध्यान दिनु पर्यो ।

घ) आम्दानीका पक्षहरु केहीहदसम्म सफल हुँदै गएकोले विगत भन्दा केही नाफा बढेको छ , यसलाई अझ सुधार गर्नुपर्यो ।

ङ) लगानी विविधिकरण तर्फ सोच्ने हो की ?

च) Information र System मा कम्पनी सफल देखिन्छ ।

छ) सुशासन र आन्तरिक नियन्त्रणमा कम्पनी सफल देखिन्छ ।

ज) सबै खालका वीमा व्यवसायलाई मजबुत बनाउंदै लानु पर्छ ।

केन्द्रीय कार्यालय (४) काठमाडौं

झ) भुक्तानी हुन बाँकि दाबीहरु समयमै भुक्तानी गरी कम्पनीको Goodwill Maintain गर्न अनुरोध छ ।

ञ) बीमालेख नविकरणमा भएको सुधार र Solvency Margin Ratio सुधारात्मक देखिन्छ ।

ट) Risk Assessment र Risk Control मा कम्पनी सजग देखिन्छ ।

ड) अन्त्यमा,सभाका सबै प्रस्तावहरुलाई समर्थन गर्दै कम्पनीको उत्तरोतर प्रगतिको कामना गर्दछु ।

१०.२ **शेयरधनी श्री डमरु बल्लभ धिमिरे :**

हालको बिषम परिस्थितिमा पनि तोकिएकै समयमा साधारण सभा गर्नु भएकोमा कम्पनी व्यवस्थापनमा धन्यवाद ज्ञापन गर्दै कम्पनीको उत्तरोतर प्रगतिको कामना गर्दछु ।

१०.३ **शेयरधनी श्री शिव प्रसाद पौडेल :**

कम्पनीको उत्तरोतर प्रगतिको कामना गर्दछु ।

१०.४ **शेयरधनी श्री रुद्र प्रसाद बन्जारा :**

क) कम्पनीले आगामी वर्ष शेयरधनीहरुलाई के कति प्रतिफल दिने योजना रहेको छ जानकारीका लागी अनुरोध गर्दछु ।

११. शेयरधनी महानुभावहरुबाट आएका महत्वपूर्ण सुझाव तथा जिज्ञासाहरुका लागि सभापतिज्यूबाट धन्यवाद सहित सभामा उठेका जिज्ञासाहरुको जवाफ दिनुहुदै आगामी वर्ष लाभाँशका लागी प्रयास गरिने, बीमा सेवा विस्तारका लागी मुलुकका बिभिन्न स्थानहरुमा शाखाहरु खोली बीमा सेवालाई गाँउ गाँउ सम्म पुर्‍याउने योजना रहेको जानकारी गराउनु भयो ।

शेयरधनी महानुभावहरुले उठाउनु भएका जिज्ञाशाहरुका सम्वन्धमा सभामा सभापतिज्यूले प्रतिउत्तर दिनु भएपछि प्राबिधिक बिषयका उपर प्रतिउत्तरका लागी प्रमुख कार्यकारी अधिकृतज्यूलाई अनुरोध गर्नुभयो ।

सञ्चालक समितिका आदरणीय अध्यक्षज्यू, सञ्चालकज्यूहरु तथा शेयरधनी महानुभावहरुलाई यस साधारण सभामा हार्दिक स्वागत गर्दछु । सञ्चालक समितिको प्रतिवेदन आदरणीय अध्यक्षज्यूबाट प्रस्तुत गरिसक्नु भएको छ, सो सम्बन्धमा केही कुराहरु स्पष्ट पार्न चाहन्छु । हाम्रो कम्पनीको कारोवार भएको ३ वर्ष पुरा भएको छ । उक्त ३ वर्षमा हामीले सोचे (योजना) अनुसारनै कारोवार भएको छ । हाम्रो उद्धेश्य कम्पनीलाई दिर्धकालसम्म Sustain हुने गरी लानु रहेकोछ । सञ्चालक समिति र व्यवस्थापनमा सोही बिषयमा छलफल हुने गरेकोछ । बीमा व्यवसाय गर्दा एकैपल्ट अगाडी बढ्दै Topline Premium Growth भन्दा सबै Portfolio मा राम्रोसंग Growth गर्न सकेमा आउँदा दिनहरुमा बीमा व्यवसायले राम्रो प्रगति गर्न सक्छ भन्ने हाम्रो मान्यता

अनुसारनै अगाडी बढीरहेका छौं । हाम्रो Portfolio Management हेर्दा हामीसंगै सञ्चालनमा आएका अन्य कम्पनीहरुको दांजोमा व्यवस्थीत रहेको र Premium Collection, Resreve तथा Profitability को हकमा हाम्रो Profitability सन्तोषजनक रहेकोछ । हाम्रो कम्पनी सहि दिशामा अगाडी बढिरहेकोले दिर्धकालमा राम्रो प्रतिफल दिन सक्नेछ भन्नेमा हामी बिश्वस्त छौं, यस कुरामा यहांहरु ढुक्क हुनुभए हुन्छ । प्रतिफलका हिसावले निर्जीवन बीमा व्यवसायमा साधारण तया शुरुका ५ वर्षसम्म Reserve का कारण Technically Stable हुन सक्दैन । प्रतिफलका हिसावले हाम्रो कम्पनीको चालु आर्थिक वर्षको पौष मसान्तसम्म कारोवार सोचे अनुसार नै भएको र आर्थिक वर्षको अन्त्य सम्ममा कारोवार सन्तोषजनक भएमा हामीले स्थापित कम्पनीहरुको Profitability संगै प्रतिष्पर्धा गर्न सक्छौ भन्ने लागेकोछ । त्यो प्रतिष्पर्धाको सिलसिलामा हामीले Short term Profitability भन्दा पनि कम्पनीलाई Longterm Sustainability, Longterm Growth का हिसावले लैजान सक्छौं भन्नेमा बिश्वस्त छौं । यस कम्पनीको २०७८ साल आषाढ मसान्त सम्मको प्रकाशित लेखा परीक्षण हुन बांकी अनुमानित नाफा नोक्सान हिसावमा भन्दा लेखा परीक्षण भई वित्तीय विवरणमा प्रकाशित नाफा नोक्सान हिसावमा Profit कम देखिएको छ । Profit मा फरक हुनुको कारणमा अनुमानित वित्तीय विवरणमा Covid दावीको Provision गर्नु परेको थिएन । तर पछि नियामक निकाय बीमा समिति तथा Covid बीमा सम्बन्धी सम्झौता अनुसार सोको दावी सम्बन्धी Provision गर्नु परेकोले लेखापरिक्षण भएको वित्तीय विवरणमा कम्पनीको Profitability घटेको हो । यो बाहेक अन्य Parameter मा Profit घटेको छैन । व्यवस्थापन, कम्पनीलाई सही दिशामा लान एकदम संवेदनशिल छ भन्ने कुरामा शेयरधनी महानुभावहरुलाई बिश्वास दिलाउन चाहन्छौं । सञ्चालक समितिबाट पनि यसमा आवश्यक सहयोग प्राप्त भईरहेको तथा यहाँहरुको थप सहयोगले कम्पनीले भविष्यमा अझ प्रगति गर्न सक्छ भन्नेमा हामी बिश्वस्त छौं । यसका लागी यहाँहरुको रचनात्मक सुझाव तथा सहयोगको सधैं अपेक्षा गरेका छौं । प्राविधिक कारणले म यस सभामा भौतिक रुपमा उपस्थित हुन नसकेकोमा क्षमायाचना गर्दै भर्चुअल रुपमा मात्र उपस्थित भएको छुँ । अन्त्यमा, सम्पूर्ण शेयरधनी महानुभावहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

यसका साथै आज शेयरधनी महानुभावहरुबाट प्रस्तुत जिज्ञासाहरुको प्रतिउत्तर दिई सकेको जनाउनु हुदै यस बाहेक अन्य जिज्ञासा भएमा कम्पनी व्यवस्थापनमा कुनै पनि बेला सर्म्पक राखी जानकारी हासिल गर्न सकिने उल्लेख गर्नुभयो ।

सानिमा जनरल इन्स्योरेन्स लि. केन्द्रीय कार्यालय काठमाडौं

१२. **सभाबाट भएका निर्णयहरु :**

प्रस्तुत वार्षिक प्रतिवेदन उपर शेयरधनीहरुबाट प्राप्त सुझाव तथा जिज्ञासाहरुको प्रतिउत्तर भई सकेको हुँदा सभा सञ्चालक एवं कम्पनी सचिव श्री सुबोध लाल श्रेष्ठले सभाका सभापतिज्यूको अनुमति लिई छलफलका बिषयहरु पारित गर्नका लागि सभा समक्ष पेश गर्नु भएकोमा देहाय बमोजिम प्रस्तावहरु पारित गरियो ।

क) **सामान्य प्रस्तावहरु तथा सो मा भएको निर्णय :**

१. **आ.व.२०७७/०७८ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने बारे ।**

प्रस्ताव नं. (१) को सम्बन्धमा आ.व.२०७७/०७८ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन सभामा निर्णयार्थ प्रस्तुत भएकोमा सभाबाट उक्त प्रतिवेदन सर्वसम्मतिबाट पारित गरीयो ।

२. **लेखापरिक्षकको प्रतिवेदन सहित आ.व.२०७७/०७८ आषाढ मसान्तको वासलात, मिति २०७७/४/१ गते देखि २०७८/३/३१ गते सम्मको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण सहित सम्बन्धित अनुसूचीहरु तथा नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) बमोजिमको वित्तीय विवरण छलफल गरी पारित गर्ने बारे ।**

प्रस्ताव नं. (२) को सम्बन्धमा लेखापरिक्षकको प्रतिवेदन सहित आ.व.२०७७/०७८ आषाढ मसान्तको वासलात, मिति २०७७/४/१ गते देखि २०७८/३/३१ गते सम्मको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण सहित सम्बन्धित अनुसूचीहरु तथा नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) बमोजिमको वित्तीय विवरण छलफल गरी पारित गर्नको लागि निर्णयार्थ प्रस्तुत भएकोमा सो प्रतिवेदनहरु सर्वसम्मतिबाट पारित गरियो ।

३. **कम्पनी ऐन, २०६३ को दफा १११ (३) बमोजिम आ.ब.२०७८/०७९ को लागी बाह्रय लेखापरिक्षकको नियुक्ती तथा निजको पारिश्रमिक निर्धारण गर्ने बारे ।**

प्रस्ताव नं. (३) को सम्बन्धमा कम्पनी ऐन, २०६३ को दफा १११ (३) बमोजिम आ.ब.२०७८/०७९ को लागी बाह्रय लेखापरिक्षण गर्नका लागि संचालक समितिको शिफारिसमा श्री सुजन काफ्ले एण्ड एशोसिएटस्, चार्टर्ड एकाउण्टेण्ट्सलाई वाह्य लेखापरिक्षण गर्न लेखापरिक्षक नियुक्त गर्ने र पारिश्रमिक वापत मुल्य अभिवृद्धि कर बाहेक रु.२,२५,०००/- (रु.दुई लाख पच्चिस हजार) प्रदान गर्ने प्रस्ताव सभामा प्रस्तुत भएकोमा सर्वसम्मतिबाट पारित गरियो ।

सगरमाथा जनरल इन्स्योरेन्स लि. केन्द्रीय कार्यालय काठमाडौं

ख) <u>**विविध प्रस्ताव तथा सोमा भएको निर्णय :**</u>

विविध बिषयमा कुनै प्रस्तावहरु नआएको हुनाले कुनै निर्णय गरिएन ।

१३. **धन्यबाद ज्ञापन :**

कम्पनीको चौथो वार्षिक साधारण सभामा प्रस्तुत भएका मन्तब्य, जिज्ञासा, टिप्पणी तथा सुझावहरु कम्पनीको हितको लागि अतिनै महत्वपूर्ण रहेको उल्लेख गर्दै कम्पनीको काम कारवाहीमा अभिरुची राखी सञ्चालक समिति तथा ब्यवस्थापनलाई मार्ग निर्देशन एवं प्रेरणा प्रदान गर्नुहुने सम्पूर्ण शेयरधनी महानुभावहरुमा हार्दिक आभार ब्यक्त गर्दै सफलतापूर्वक सभा संचालनमा सहयोग पुऱ्याउनुहुने कम्पनी ब्यवस्थापन एवं सम्पूर्ण कर्मचारीहरु प्रति सभाका सभापतिबाट हार्दिक धन्यवाद ज्ञापन गर्नुभयो ।

१४. **सभा बिसर्जन :**

अन्त्यमा, सभाका सभापति, अध्यक्ष श्री खेमराज लामिछानेज्यूले छलफल गर्नुपर्ने कुनै विषय बाँकी नरहेको हुनाले कम्पनीको चौथो वार्षिक साधारण सभा बिहान ११:४५ बजे बिसर्जन गर्नुभयो ।

| | | |
|---|---|---|
| श्री सुबोध लाल श्रेष्ठ<br>(नायव महा प्रवन्धक/कम्पनी सचिव) | सानिमा जनरल इन्स्योरेन्स लि.<br>केन्द्रीय कार्यालय<br>काठमाडौं | श्री खेमराज लामिछाने<br>(अध्यक्ष) |

मिति : २०७८ साल पौष ३० गते शुक्रवार ।